# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ५) सङ्ख्या : १५ प्रकाशित मिति : २०८०/०२/११

## भाग–२

सिद्धिचरण नगरपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने अति विपन्न, अति अशक्तता/अपाङ्गता, अति वृद्धवृद्धा, अनाथ, कडा रोगको उपचार गराइरहेका व्यक्ति र विपद् प्रभावित परिवारलाई नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायता बितरण प्रकृयालाई व्यवस्थित गर्न कार्यविधिको आवश्यकता महसुस गरी नगर कार्यपालिकाको मिति २०७६/११/२६ को बैठकबाट स्वीकृत तल उल्लेख भए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७६
## (संशोधन, २०८०)

प्रमाणिकरण मितिः २०८०/०२/०९

**प्रस्तावना :**

सिद्धिचरण नगरपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने अति विपन्न, अति अशक्तता/अपाङ्गता, अति वृद्धवृद्धा, अनाथ, कडा रोगको उपचार गराइरहेका व्यक्ति र विपद् प्रभावित परिवारलाई नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायता बितरण प्रणालिलाई व्यवस्थित गर्न आवश्यक देखिएकोले सिद्धिचरण नगर कार्यपालिकाको मिति २०७६।११।२६ को बैठकबाट **आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७६** स्वीकृत गरिएको छ ।

**१. लक्षित समूहः** यो कार्यविधि बमोजिम आर्थिक सहायता पाउने लक्षित समूह देहाय बमोजिम हुनेछन्:

क) अति विपन्न व्यक्ति,

ख) संरक्षक नभएको व्यक्ति,

ग) संरक्षक विहिन अति अशक्त/अपाङ्गता भएका व्यक्ति र अति वृद्धवृद्धा व्यक्ति,

घ) विपद् (भूकम्प, बाढी पहिरो, आगलागी, हावाहुरी, चट्याङ, दूर्घटना) प्रभावित व्यक्ति वा परिवार,

ङ) नेपाल सरकारले परिभाषित गरे बमोजिम कडा रोग लागि उपचार गराई रहेको व्यक्ति ।

**२. कोषको व्यवस्थाः** लक्षित समूहलाई आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकाको छुट्टै "आर्थिक सहायता कोष" रहनेछ र सो कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

१. नगर सभाबाट बिनियोजित रकम,

२. प्रदेश सरकार लगायत विभिन्न संघ संस्थाबाट उक्त प्रयोजनको लागि प्राप्त रकम,

३. उक्त प्रयोजनको लागि प्राप्त चन्दा, दान वापतको रकम ।

आर्थिक बर्षको अन्तमा सो कोषमा मौज्दात् रहेको रकम आगामी आर्थिक बर्षको लागि सोही कोषमा जिम्मेवारी सर्नेछ ।

**३. आर्थिक सहायता वापत दिइने रकमको सीमाः** देहायमा उल्लिखित प्रकृतिका लक्षित समूहलाई नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिमको दरमा आर्थिक सहायता उपलव्ध गराउनेछ ।

| क.सं. | लक्षित समूह | आर्थिक सहायता वापतको रकमको सीमा |
|---|---|---|
| १ | अति विपन्न व्यक्ति | अधिकतम रु. १,०००।- |
| २ | संरक्षक नभएको व्यक्ति | अधिकतम रु. १,०००।- |
| ३ | संरक्षक विहिन अति अशक्त अति वृद्धवृद्धा व्यक्ति | अधिकतम रु. १,०००।- |

| क्र.सं. | लक्षित समूह | आर्थिक सहायता वापतको रकमको सीमा |
|---|---|---|
| ४ | नेपाल सरकारले परिभाषित गरे बमोजिमका कडा रोग लागि उपचार गराई रहेको व्यक्ति र अति विपन्न परिवारको दीर्घरोग लागेको देहाय बमोजिमको अवस्था पुरा भएको व्यक्तिः<br>क) सरकारी, निजी क्षेत्र तथा अन्य संगठित तलव, सेवा, सुविधा नलिएको परिवार,<br>ख) सामाजिक सुरक्षा भत्ता नलिएको परिवार,<br>ग) वैदेशिक रोजगारीमा संलग्न नभएको परिवार,<br>घ) पेशा, व्यवसाय सञ्चालन नभएको परिवार । | अधिकतम रु १०,०००।- |
| ५ | विपद् (भूकम्प, बाढी पहिरो, आगलागी, हावाहुरी, चट्याङ्, दूर्घटना) प्रभावित व्यक्ति वा परिवार | अधिकतम रु. ३,०००।- |

४. **अभिलेख राख्नुपर्नेः** आर्थिक सहायता बापत उपलब्ध गराइएको रकम र आर्थिक सहायता पाउने लक्षित समूहको बिवरण सहितको अभिलेख कार्यालयले राख्नु पर्नेछ ।

५. **आर्थिक सहयोग पाउने समयावधिः** यो कार्यविधिको दफा ३ को क्रम संख्या ६ मा उल्लेख भएको अवस्था बाहेकका लक्षित समूहले पाउने आर्थिक सहायताको सीमा कम्तीमा प्रत्येक बर्षको लागि एक पटक भन्दा कम हुने छैन ।

६. **बिवरण सार्वजनिक गर्नुपर्नेः** नगरपालिकाबाट आर्थिक सहायता पाएका लक्षित समूहको नामनामेसी र आर्थिक सहायता वापत उपलव्ध गराइएको रकम सहितको बिवरण नगर कार्यपालिकाको कार्यालयले चौमासिक रुपमा सार्वजनिक सूचना र कार्यालयको website को माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

७. **आर्थिक सहायता माग गर्ने प्रक्रियाः** आर्थिक सहायता माग गर्ने लक्षित समूहका व्यक्ति/परिवारले देहाय बमोजिमका कागजात सहित आफु लक्षित समूहमा पर्ने व्यहोरा खुलेको निवेदन नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

ख) नागरिकता वा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

ग) कडा रोग लागि उपचार गराइरहेको लक्षित समूहको व्यक्ति भए सम्बन्धित अश्पतालको सिफारिस पत्र र चिकित्सकको Prescription को प्रतिलिपि,

घ) विपद् प्रभावित व्यक्ति/परिवार भए प्रहरी सरजमिन मुचुल्का ।

८. **झुठा बिवरण पेश गर्न नहुनेः** लक्षित समूहको नामबाट झुठा बिवरण पेश गरेको व्यहोरा पुष्ट्याई भएमा यो कार्यविधि बमोजिमको आर्थिक सहायता दिइने छैन । र आर्थिक सहायता वापतको रकम भूक्तानी लिई सकेको रहेछ भने प्रचलित कानून बमोजिम कारवाही गरी अशुल उपर गरिनेछ ।

९. **लेखा परीक्षण सम्बन्धी व्यवस्थाः** आर्थिक सहायता कोषको आर्थिक कारोवारको लेखा परीक्षण नगरपालिकाको अन्य कोषहरुको लेखा परीक्षण प्रकृया बमोजिम हुनेछ ।

१०. **संशोधनः** नगर कार्यपालिका बैठकको निर्णयबाट यो कार्यविधि संशोधन गर्न सकिनेछ ।

**आज्ञाले**

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत